# रोजगार प्रवर्द्धन कार्यक्रम

# सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

## कर्मचारी छनौट पाठ्यक्रमको ढाँचा

२०८१

# विषय सूची

**सुरक्षित आप्रवासम (सामी) कार्यक्रम** ........ **3**

**पृष्ठभुमि:** ........ **3**

**कर्मचारी छनौट पाठ्यक्रमको ढाँचाको उद्देश्य:** ........ **3**

**१)** **पद:- प्रदेश कार्यक्रम संयोजक** ........ **3**

**२)** **पद:** मनोविद् ........ **4**

**३)** **पद: जिल्ला कार्यक्रम संयोजक** ........ **5**

**४)** **पद: आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता** ........ **7**

**५)** **पद: मनोसामाजिक परामर्शकर्ता** ........ **8**

**६)** **पद: वित्तिय साक्षरता सहजकर्ता** ........ **10**

**७)** पद : **रिटर्नी स्वयंसेवक** ........ **11**

कर्मचारी आवश्यकता सम्बन्धी सूचनाको नमुना ........ **12**

# सुरक्षित आप्रवासम (सामी) कार्यक्रम

## पृष्ठभुमि:

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित  कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ।  कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। कार्यक्रमको कार्यान्वयनमा सहजता र एकरूपता कायम गर्न  विभिन्न पदमा कर्मचारी **छनौट तथा** पदपूर्तिका लागि कर्मचारी छनौट पाठ्यक्रमको ढाँचा तयार गरिएको छ।

यो पाठ्यक्रमको ढाँचा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम चौथो चरण सञ्चालन मर्गदर्शन, २०८१ को आधारमा तयार गरिएको हो।

कर्मचारी छनौट पाठ्यक्रमको ढाँचाको उद्देश्य:

- **कार्यक्रमका कर्मचारी छनौटमा सहजता र एकरुपता कायम गर्न।**
- **आवेदकहरुलाई विषयवस्तुवारे अवगत गराउन।**

**१)  पद:- प्रदेश कार्यक्रम संयोजक**

**खण्ड १ :**

(क) **लिखित तथा अन्तरवार्ताको पाठ्यक्रम**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| क) | वैदेशिक रोजगारको परिचय, अवस्था, चुनौती, सवाल र समाधानका उपायहरु<br>नेपालको बैदेशिक रोजगारको ईतिहास, वर्तमान अवस्था<br>नेपालको संबिधान, वैदेशिक रोजगार ऐन, नियमावली, कार्यविधी र निर्देशिका, स्थानीय सरकार सञ्चालन ऐन २०७४, र श्रम तथा रोजगार सम्बन्धी नीतिहरू | |
| ख) | वैदेशिक रोजगार र प्रदेश तथा स्थानीय सरकारको भूमिका , वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्ड, र वैदेशिक रोजगार सम्बन्धी कार्य गर्ने निकायहरु | |
| ग) | सुरक्षित आप्रवासन सम्बन्धी अध्ययन, अनुसन्धान तथा आधारभूत सर्वेक्षणका नतिजाहरु श्रम आप्रवासन र रोजगार सेवा केन्द्रको भुमिका | |
| घ) | प्रदेश र स्थानीय सरकारका योजना तर्जुमाका प्रकृया, आबधिक र वार्षिक नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन<br>प्रगति प्रतिवेदनका खाकाहरु र आवधीक प्रतिबेदनहरु योजना तयारी, वित्तीय ब्यवस्थापन र प्रतिवेदन तयारी | |
| ङ) | समन्वय, साझेदारी र सहकार्य | |

**खण्ड २**

**प्रयोगात्मक परीक्षा**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
| --- | --- | --- |
| क) | कम्प्यूटर सम्बन्धि ज्ञानका साथै **MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.)** सहजरुपमा चलाउन सक्ने । नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको । | |

**प्रदेश कार्यक्रम संयोजकका लागि न्यूनतम योग्यता:**

**प्रदेश कार्यक्रम संयोजकको पदपूर्ति गर्नका लागि गरिएको विज्ञापनका लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछः-**

- मानविकी तथा समाजिक संकाय, व्यवस्थापन, कानून वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नाकोत्तर तह उतीर्ण भएको , अधिकृत स्तर वा सो भन्दा माथिल्लो तहमा ५ वर्षको कार्य अनुभव भएको ।
- स्थानीय तथा प्रदश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम **गरेको**, क्षमता विकास तथा प्रशिक्षण क्रियाकलाप सञ्चालन गरेकोलाई प्राथमिकता दिईने**छ** ।
- श्रम/रोजगार तथा सामाजिक विकासको क्षेत्रमा कम्तिमा पाँच वर्षको कार्यानुभव हासिल गरेको,
- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।

२) **पद:** मनोविद्

**खण्ड १ :**

**लिखित तथा अन्तरवार्ताको पाठ्यक्रम**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
| --- | --- | --- |
| क) | **वैदेशिक रोजगारको, अवस्था** (अवसर, **चुनौती** तथा समाजमा पारेको प्रभाव) | |
| ख) | मानसिक स्वास्थ्य **को क्षेत्रमा** नेपाल सरकारले **गरेका प्रयासहरु**<br>मानसिक स्वास्थ्य का सन्दर्भमा संघिय सरकार, प्रदेश सरकार, **स्थानीय सरकार,** को भुमिका | |
| ग) | नेपाल सरकार (संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकार) को मानसिक स्वास्थ्य समवन्धी नीतिगत व्यवस्था | |
| घ) | बैदेशिक रोजगारी र मानसिक स्वास्थ्य | |
| ङ) | मनोसामाजिक परामर्श, मनोसामाजिक परामर्शमा सुपरिवेक्षणको महत्व,<br>राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिम (मोडुल-६ को) तालिम | |

| | | |
|---|---|---|
| च) | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिम (मोडुल-६ को, प्रशिक्षक प्रशिक्षण **(ToT)** म्यनुअलको विशेषता तथा प्राथमिकताका क्षेत्रहरु | |

**खण्ड २**

**प्रयोगात्मक परीक्षा**

| **क्र.सं.** | **विषयवस्तु** | **पुर्णाङ्क** |
|---|---|---|
| **क)** | कम्प्यूटर सम्बन्धि ज्ञानका साथै **MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.)** सहजरुपमा चलाउन सक्ने । नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको । | |

**मनोविद् का लागि न्यूनतम योग्यता:**

मनोविद् **को पदपूर्ति गर्नका लागि गरिएको विज्ञापनका लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछः**

- **मान्यताप्राप्त** विश्वविद्यालयबाट मनिविज्ञान (क्लिनिकल साईकोलोजी मेजर काउन्सेलिङ् साईकोलोजी, स्कुल साईकोलोजीमा) स्नातकोत्तर उतीर्ण गरी कम्तिमा बुई वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भएको र मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरभाईज गरेको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण **(ToT)** तालिम लिएकोलाई प्राथमिकता दिईने छ ।
- पोष्ट ग्राजुएट डिप्लोमा इन् काउन्सेलिङ उतीर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरभाईजर भएर कम्तिमा तीन वर्ष काम गरेको अनुभव भएको र राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रले तयार परेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण **(ToT)** तालिम लिएको हुनु पर्नेछ ।
- राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रको मोड्यूल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम सञ्चालन गरेकोलाई प्राथमिकता दिईनेछ ।
- **प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।**
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।

**३) पद: जिल्ला कार्यक्रम संयोजक**

**खण्ड १ :**

**लिखित तथा अन्तरवार्ताको पाठ्यक्रम**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| क) | वैदेशिक रोजगारको परिचय, अवस्था, चुनौती, सवाल र समाधानका उपायहरु<br>नेपालको बैदेशिक रोजगारको ईतिहास, बर्तमान अबस्था | |

| | | |
|---|---|---|
| | नेपालको संबिधान, बैदेशिक रोजगार ऐन, नियमावली, कार्यविधी र निर्देशिका, स्थानीय सरकार सञ्चालन **ऐन** २०७४ | |
| ख) | वैदेशिक रोजगार र स्थानीय सरकारको भूमिका , वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्ड, र वैदेशिक रोजगार सम्बन्धी कार्य गर्ने निकायहरु | |
| ग) | सुरक्षित आप्रवासन सम्बन्धि अध्ययन, अनुसन्धान तथा आधारभूत सर्वेक्षणका नतीजाहरु श्रम आप्रवासन र रोजगार सेवा केन्द्रको भुमिका | |
| घ) | नेपालको संघीय सरकारको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा गरेका प्रयासहरु<br>स्थानीय सरकारका योजना तर्जुमाका प्रकृयाहरु , आबधिक योजना तर्जुमा र कार्यान्वियन प्रकृया, योजना तयारी, वित्तिय ब्यवस्थापन र प्रतिवेदन तयारी | |
| ङ) | समन्वय, साझेदारी र सहकार्य | |

**खण्ड २**

**प्रयोगात्मक परीक्षा**

| **क्र.सं.** | **विषयवस्तु** | **पुर्णाङ्क** |
|---|---|---|
| **क)** | कम्प्यूटर सम्बन्धि ज्ञानका साथै **MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.)** सहजरुपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको । | |

**जिल्ला कार्यक्रम संयोजकका लागि न्यूनतम योग्यता:**

**जिल्ला कार्यक्रम संयोजकको पदपूर्ति गर्नका लागि गरिएको विज्ञापनका लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछ:**

- मान्यताप्राप्त शिक्षण संस्थाबाट मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा सञ्चालनमा ५ वर्षको अनुभव भएको कम्तिमा २ वर्ष अधिकृत स्तरमा रहि कार्य गरेको अनुभव भएको ।
- स्थानीय तह प्रदेश सरकारसँग निकटत्म समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।
- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।

४) **पद:** आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता

**खण्ड १ :**

**लिखित तथा अन्तरवार्ताको पाठ्यक्रम**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| क) | बैदेशिक रोजगारका चुनौती, सवाल र समाधानका उपायहरु<br>नेपालमा रोजगारको अबस्था, चुनौती र सम्भावनाहरु | |
| ख) | वैदेशिक रोजगार र स्थानीय सरकारको भूमिका<br>स्थानीय सरकार, जिल्ला स्थित सरकारी निकायहरु र परामर्शकर्ताले गर्ने कामहरु,<br>सुरक्षित बैदेशिक रोजगारीका अत्यावश्यक प्रक्रियाहरु | |
| ग) | वैदेशिक रोजगार र स्थानीय सरकारको भूमिका , वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्ड, र वैदेशिक रोजगार सम्बन्धी कार्य गर्ने निकायहरु | |
| घ) | नेपालको संघीय सरकारको सुरक्षित वैदेशिक रोजगारीका प्रयासहरू | |

| | | |
|---|---|---|
| | आप्रवासी कामदार सम्बन्धि कानुनी ब्यवस्था (जस्तै उद्धार, शव झिकाउने तथा क्षतिपूर्ति, मेडिकल फेल, ठगी आदि) आवश्यक सहयोगको लागि गर्ने पर्ने आवश्यक प्रक्रियाहरु | |
| ङ) | लैंगिक समानता, सामाजिक समावेशी तथा गरीवी न्युनिकरण | |
| च | सेवाग्राहीहरुको अभिलेख राख्ने तरिकाहरु<br>परामर्शकर्तामा हुनेपर्ने ज्ञान, सीप र क्षमताबारेको जानकारी | |

**खण्ड २**

**प्रयोगात्मक परीक्षा**

| **क्र.सं.** | **विषयवस्तु** | **पुर्णाङ्क** |
|---|---|---|
| क) | कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ। | |

**आप्रवसी स्रोत केन्द्र परामर्शकर्ताको न्यूनतम योग्यता :**

आप्रवसी स्रोत केन्द्र परामर्शकर्ताको पदपूर्ति गर्नका लागि गरिएको विज्ञापनका लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछः-

- मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाण पत्र वा १०+२ उतीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तिमा तीन वर्षको कार्यानुभव भएको।
- स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई बिशेष प्राथमिकता दिईनेछ।
- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने।

**५) पद: मनोसामाजिक परामर्शकर्ता**

**खण्ड १ :**

**लिखित तथा अन्तरवार्ता**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| क) | बैदेशिक रोजगारका चुनौती, सवाल र समाधानका उपायहरु<br>नेपालमा रोजगारको अबस्था, चुनौती र सम्भावनाहरु | |
| ख) | आप्रवासनको र मनोसामाजिक समस्या | |

| | | |
|---|---|---|
| ग) | मनोसामाजिक परामर्श को अवधारणा, प्रकृया परामर्शको बिधि तथा तरिकाहरु ,<br>मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु भूमिका र जिम्मेवारी | |
| घ) | सामुहिक मनोपरामर्श सेवाको अवधारणा प्रकृया तथा समुहमा मनोपरामर्श सेवा प्रदान गर्दा ध्यान दिनु पर्ने कुराहरु र समुह सञ्चालन गर्ने व्यतिमा हुनु पर्ने सिपहरु | |
| ङ) | मनोसामाजिक समस्याहरु तथा समस्या समाधानको उपायहरु<br>(तनाव वा दवाब सामना गर्ने तरिकाहरु, लाञ्छाना को अवधारणा र यसमा सहयोग गर्ने मनोपरामर्शको तरिकाहरु, मानसिक रोगप्रति धारणा तथा मानसिक रोगि लाई सहयोग गर्ने तरिकाहरु, मनोसामाजिक परामर्श सेवा दिदा विश्लेषण गर्ने पक्षहरु, आत्महत्या र रोकथाम गर्ने तरिकाहरु, आप्रवासी कामदारका श्रीमती र बालबालिकाहरु भोग्नुपरका मुख्य चुनौतीहरु) | |
| च | सेवाग्राहीहरुको अभिलेख राख्ने तरिकाहरु<br>कार्य योजना निर्माण | |

**खण्ड २**

**प्रयोगात्मक परीक्षा**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| क) | कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ। | |

**मनोसामाजिक परामर्शकर्ताको न्यूनतम योग्यता :**

मनोसामाजिक परामर्शकर्ताको पदपूर्ति गर्नका लागि गरिएको विज्ञापनका लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछः-

मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार रहेको छ:

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट **वा** स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/**नर्सिग**/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।
- मनोसामाजिक परामर्श सम्बन्धी **६ महिने** तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।
- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने।

६) **पद: वित्तिय साक्षरता सहजकर्ता**

**खण्ड १ :**

**लिखित तथा अन्तरवार्ता**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| क) | वैदेशिक रोजगारको परिचय, अवस्था, चुनौती, सवाल पक्ष र समाधानका उपायहरु<br>नेपालको बैदेशिक रोजगारको ईतिहास, बर्तमान अबस्था<br>नेपालको संबिधान, बैदेशिक रोजगार ऐन, नियमावली, कार्यविधी र निर्देशिका | |
| ख) | वैदेशिक रोजगार र स्थानीय सरकारको भूमिका<br>वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्ड, र वैदेशिक रोजगार सम्बन्धी कार्य गर्ने निकायहरु | |
| ग) | वित्तिय साक्षरताको महत्व, सहजकर्तामा हुनु पर्ने गुण तथा भुमिका, सञ्चालन विधि, प्रकृया र वित्तिय साक्षरताका विषय वस्तुहरु | |
| घ) | विप्रेषणको परिचय, उपयोग, परिवार व्यवस्थापन, रोजगारी र आयआर्जन | |
| ङ) | वित्तीय साक्षरता कक्षा सञ्चालनका सरोकारवालाहरू<br>वित्तीय साक्षरता कक्षाका सहभागीहरूको लागि सम्बन्धित सेवाहरूमा पहूँच (विमा, सहकारी, कृषि समुह) ब्यवसायिक योजना | |

**खण्ड २**

**प्रयोगात्मक परीक्षा**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| क) | कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ। | |

**वित्तिय साक्षरता सहजकर्ताको न्यूनतम योग्यता :**

वित्तिय साक्षरता सहजकर्ताको पदपूर्ति गर्नका लागि गरिएको विज्ञापनका लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछः-

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा अनुभव भएको।
- सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा वा सामाजिक विकासको क्षेत्रमा कम्तिमा दुई वर्षको कार्यानुभव भएको महिलालाई प्राथमिकता दिईनेछ।

- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।

७) पद : **रिटर्नी स्वयंसेवक**

**खण्ड १ :**

**लिखित तथा अन्तरवार्ता**

| क्र.सं. | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| क) | नेपालको बैदेशिक रोजगारको बर्तमान अबस्था, वैदेशिक रोजगारीका अवसर, चुनौती तथा नेपाली कामदारले गन्तव्य मुलुकमा भोग्नु परेका समस्याहरु | |
| ख) | वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित वनाउन स्थानीय सरकार, वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्डको भुमिका तथा जिम्मेवारी | |
| ग) | सुरक्षित वैदेशिक रोजगारीका लागि आप्रवासन प्रकृया र चरणहरु<br>श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृति प्रकृया र आवश्यक कागजातहरु | |
| घ) | बैदेशिक रोजगारमा जाँदा जान्नै पर्ने विषयहरू, समस्या र कठिनाइ पर्दा सम्पर्क गर्ने निकायहरू<br>श्रम स्विकृतीको आवश्यकता र महत्वबारेको जानकारी | |

**रिटर्नी स्वयंसेवकको न्यूनतम योग्यता :**

रिटर्नी स्वयंसेवकको पदपूर्ति गर्नका लागि गरिएको विज्ञापनका लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछः-

- न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको ।
- सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।
- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- नेपाली भाषा जानेको र स्थानीय हुनु पर्ने छ ।

कर्मचारी आवश्यकता सम्बन्धी सूचनाको नमुना

प्रकाशित मिति: २०८१/०४/ ... गते

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत ........ जिल्ला.......महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्धामा सहयोग तथा सहजिकरण, सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरणक कार्यक्रम सञ्चालन गर्न, मनोसामाजिक परमर्श सेवा, वित्तिय साक्षरता सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

१. विज्ञापन नम्बर. ...........

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | प्रदेश संयोजक | १ | ▪ मानविकी तथा समाजिक संकाय, व्यवस्थापन, कानून वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नाकोत्तर तह उतीर्ण भएको , अधिकृत स्तर वा सो भन्दा माथिल्लो तहमा ५ वर्षको कार्य अनुभव भएको।<br>▪ स्थानीय तथा प्रदश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम **गरेको**, क्षमता विकास तथा प्रशिक्षण क्रियाकलाप सञ्चालन गरेकोलाई प्राथमिकता दिईने**छ**।<br>▪ श्रम/रोजगार तथा सामाजिक विकासको क्षेत्रमा कम्तिमा पाँच वर्षको कार्यानुभव हासिल गरेको,<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>▪ कम्प्यूटर सम्बन्धि ज्ञानका साथै **MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.)** सहजरुपमा चलाउन सक्ने। नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने। |
| २ | मनोविद् | २ | ▪ **मान्यताप्राप्त** विश्वविद्यालयबाट मनिविज्ञान (क्लिनिकल साईकोलोजी मेजर काउन्सेलिङ् साईकोलोजी, स्कुल साईकोलोजीमा) स्नातकोत्तर उतीर्ण गरी कम्तिमा बुई वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भएको र मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरभाईज गरेको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण **(ToT)** तालिम लिएकोलाई प्राथमिकता दिईने छ।<br>▪ पोष्ट ग्राजुएट डिप्लोमा इन् काउन्सेलिङ उतीर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरभाईजर भएर कम्तिमा तीन वर्ष काम गरेको अनुभव भएको र राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रले तयार परेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण **(ToT)** तालिम लिएको हुनु पर्नेछ।<br>▪ राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रको मोड्यूल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम सञ्चालन गरेकोलाई प्राथमिकता दिईनेछ। |

| | | | |
|---|---|---|---|
| | | | ▪ **प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।**<br>▪ कम्प्यूटर सम्बन्धि ज्ञानका साथै **MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.)** सहजरुपमा चलाउन सक्ने । नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । |
| ३ | जिल्ला कार्यक्रम संयोजक | १ | ▪ मान्यताप्राप्त शिक्षण संस्थाबाट मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा सञ्चालनमा ५ वर्षको अनुभव भएको कम्तिमा २ वर्ष अधिकृत स्तरमा रहि कार्य गरेको अनुभव भएको ।<br>▪ स्थानीय तह प्रदेश सरकारसँग निकटत्म समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>▪ कम्प्यूटर सम्बन्धि ज्ञानका साथै **MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.)** सहजरुपमा चलाउन सक्ने । नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । |
| ४ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ (एक जना महिला अनिवार्य) | ▪ मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाण पत्र वा १०+२ उतीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तिमा तीन वर्षको कार्यानुभव भएको ।<br>▪ स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई बिशेष प्राथमिकता दिईनेछ ।<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । |
| ५ | मनोसामाजिक परामर्शकर्ता | १ (महिला) | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट **वा** स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/**नर्सिंग**/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी **६ महिने** तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।<br>नोट: यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |
| ६ | वित्तीय साक्षरता सहजकर्ता | १ (महिला) | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा अनुभव भएको ।<br>▪ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा वा सामाजिक विकासको क्षेत्रमा कम्तिमा दुई वर्षको कार्यानुभव भएको महिलालाई प्राथमिकता दिईनेछ । |

| | | | |
|---|---|---|---|
| | | | ▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । <br> ▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ । <br> ▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । <br> नोट: यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |
| | रिटर्नी स्वयंसेवक | ३ | ▪ न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । <br> ▪ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। <br> ▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । <br> ▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । <br> ▪ नेपाली भाषा जानेको र स्थानीय हुनु पर्ने छ । <br> नोट: यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |

**कार्य अवधि**: हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम :** लिखित, अन्तवार्ता र प्रयोगात्मक

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया**:

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०८०/०४। गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

**पदपुर्ति समिति**